बिष्णुपुर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बिष्णुपुर, सप्तरी
२ नं. प्रदेश, नेपाल

पत्र संख्या : २०७७/०७८
चलानी नं. : १०५२

मिति २०७७।०९।२१

**विषय :- प्रस्तावना अह्वान सम्वन्धमा ।**

श्री सवै सामुदायिक विद्यालयहरु,
विष्णुपुर गाउँपालिका, सप्तरी ।

प्रस्तुत सन्दर्भमा यस गाउँपालिकाको कार्यपालिकाको मिति २०७७।९।२० गतेको निर्णय वमोजिम शिक्षा शाखा अन्तर्गत आ.व. २०७७।०७८ का विभिन्न कार्यक्रमहरु मध्ये भौतिक विस्तार कार्यक्रम अर्न्तगत तपसिलका कार्यक्रम विवरण एवं निर्माण गर्नु परेकोले यस पालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुबाट तपसीलका कागजातहरु समावेश गरी १५ दिन भित्र प्रस्तावना पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

➢ **कार्यक्रमहरुः- चार कोटे RCC भवन, WASH सहितको शौचालय निर्माण र ICT अनुदान,**

१) वि.व्य.स. वा वडा अध्यक्षको अध्यक्षतामा वसेको वैठकबाट सम्वन्धित कार्यक्रम माँग गर्ने वारेको निर्णयको प्रतिलिपि,
२) तोकिएको समयमा निर्माण कार्य सम्पन्न गर्ने प्रतिवद्धता,
३) भौतिक सर्वेक्षण फारम सहित माँग गर्नु पर्ने,
४) तोकिएको कार्यक्रमको निर्माण गर्ने ठाउँको नक्सा र जग्गाधनी प्रमाण पत्र पूर्जाको प्रतिलिपि,
५) जन सहभागिताबाट कम्तिमा ५ प्रतिशत श्रमदान गरिने प्रतिवद्धता पत्र,
६) निर्माण लगायतका अन्य सामग्री खरीद र विल भरपाईको व्यवस्थापन सार्वजनिक खरिद ऐन अनुसार गर्ने प्रतिवद्धता पत्र,
७) निर्माणको क्रममा कुनै प्रकारको शैक्षिक कार्यक्रममा खलल नपर्ने गरी निर्माणकार्य संचालन गर्नु पर्ने,
८) कार्यक्रम वितरण पश्चात उक्त विद्यालयलाई परेको कार्यक्रमको कार्य सम्पन्न सम्झौता वि.व्य.स. अध्यक्ष र प्र.अ. द्वारा गर्नु पर्ने ।

.....................
ललन कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत